| | | | | |
|---|---|---|---|---|
| २४ | उपाध्यक्ष | श्री गीता कठरीया | जोशीपुर गाउपालिका | |
| २५ | उपाध्यक्ष | श्री भगवती डगौरा | बर्दगोरिया गाउपालिका | |
| २६ | उपाध्यक्ष | श्री पुजा देवी बुढामगर | मोहन्याल गाउपालिका | |
| २७ | उपाध्यक्ष | श्री लक्ष्मी सतगौवा थारु | कैलारी गाउपालिका | |
| २८ | उपाध्यक्ष | श्री दिपा देवी साउद | चुरे गाउपालिका | |
| २९ | सदस्य | श्री ललित साउद | जिल्ला समन्वय समिति | |
| ३० | सदस्य | श्री टेक बहादुर बुढा | जिल्ला समन्वय समिति | |
| ३१ | सदस्य | श्री देवी भण्डारी | जिल्ला समन्वय समिति | |
| ३२ | सदस्य | श्री मालती देवी बि.क. | जिल्ला समन्वय समिति | |
| ३३ | सदस्य | श्री विष्णु प्रसाद डगौरा | जिल्ला समन्वय समिति | |
| ३४ | सदस्य | श्री मिना चौधरी | जिल्ला समन्वय समिति | |
| ३५ | सदस्य | श्री राज कुमारी महतौं | जिल्ला समन्वय समिति | |
| ३६ | सचिव | श्री भरतमणी पाण्डे | जिल्ला समन्वय समितिको कार्यालय | |

सहयोगी कर्मचारीहरु:

| क्र.सं. | पद | नाम, थर | निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री सन्तोष कुमार भट्ट | जिल्ला समन्वय समितिको कार्यालय | |
| २ | कार्यक्रम अधिकृत | श्री योगेन्द्र प्रसाद ओझा | जिल्ला समन्वय समितिको कार्यालय | |

**प्रस्ताव नं. २.१ :** जिल्ला सभा सञ्चालन कार्यविधि २०७५ पारित सम्बन्धमा ।

**निर्णय नं. २.१ :** जिल्ला सभाको कार्य सञ्चालन गर्ने, बैठकहरुको सुव्यवस्था कायम राख्न आवश्यक समितिहरु (अनुगमन र समन्वये कार्यका लागि) गर्ने र अन्य काम कारवाही नियमित एवं प्रभावकारी बनाउन स्थानीय सरकासर सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी **जिल्ला सभा सञ्चालन कार्यविधि कैलाली, २०७५** पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.२ :** जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७५ पारित सम्बन्धमा ।

**निर्णय नं. २.२ :** संविधानको मूल मर्मलाई आत्मसात गर्ने स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं स्थानीय तह बीचको सहकारीता, सह अस्तितव र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिको भूमिका तथा कार्यलाई स्पष्ट पार्दै जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान र व्यवस्थापनका लागि समन्वय गर्दै जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार पारी त्यस्ता कार्यक्रमको प्रभावकारीता एवं व्यवस्थापनका लागि चरण-चरणमा अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माणमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्बन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सूझाव दिन सक्ने भन्ने व्यवस्था भएकोले उल्लेखित कार्यलाई थप स्पष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गर्दै **जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि कैलाली, २०७५** पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.३ :** जिल्लाको दिर्घकालिन गुरुयोजना तर्जुमा र क्षेत्रगत (कृषि, पर्यटन, औद्योगिक, वन, भू-संरक्षण आदि) योजना निर्माण सम्बन्धमा ।

**निर्णय नं. २.३ :** जिल्ला भित्र रहेका स्थानीय तहहरुले तर्जुमा गरेका दिर्घकालिन गुरुयोजना र विषयगत योजनाहरु बीच समन्वय कायम गरी जिल्लाको समग्र सन्तुलित विकासका निम्ति जिल्ला समन्वय समितिको अगुवाईमा स्थानीय तहले तर्जुमा र कार्यान्वयन गर्ने गरी एकिकृत जिल्ला स्तरीय गुरुयोजना र क्षेत्रगत रर्णनितिक योजनाहरु (कृषि, पशुसेवा, भू-संरक्षण, पर्यटत, औद्योगिक, वन) तर्जुमा गरी सो लाई मार्गदर्शन मानी स्थानीय तहहरुले कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.४ :** जिल्ला समन्वय समितिको वार्षिक बजेट स्वीकृती सम्बन्धमा ।

**निर्णय नं. २.४ :** जिल्ला समन्वय समितिको आ.व. २०७५/०७६ का लागि तपसिल अनुसारको वार्षिक वजेटलाई स्वीकृती गर्ने निर्णय गरियो ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय धनगढी,कैलाली
७ नं.प्रदेश नेपाल

## आ.व.२०७५/२०७६ को अनुमानित आय, व्यय र कोषहरुतर्फको गत आ.व.को बैंक बांकी मौज्दातको विवरण

| अनुमानित आय | | | | अनुमानित व्यय | | |
|---|---|---|---|---|---|---|
| विवरण | गत विगत आ.व.कोमौज्दात | यस आ.व.को अनुमानित | जम्मा आय रु. | सि.नं. | विवरण | जम्मा व्यय रु. |
| | | | | | अनुगमन मुल्यांकन खर्च | ५००००० |
| | | | | | जि.स.स.को कार्य सञ्चालन खर्च (इन्धन, कार्यालय समान, मर्मतसम्भार , विविध खर्च आदि ।) | १२००००० |
| रकारबाट अख्तियारी प्राप्त आ.व. ०७६को लागि | | १०९५९०००।०० | १०९५९०००।०० | १ | जि.स.स.पदाधिकारीहरुको /सदस्यहरुको बैठक भत्ता (प्रशासनिक खर्च) | ३००००० |
| | | | | | जिल्ला भित्रका स्थानीय तहहरुको वार्षिक समिक्षा र प्रतिवेदन | ३००००० |
| | | | | | जि.स.स.पदाधिकारीहरुको पारिश्रमिक सुविधा | ३१२०००० |
| | ० | | | | जि.स.स.का.कर्मचारीहरुको तलब,महगी भत्ता, पोशाक | ५५३९००० |
| रकारको जम्मा आय | ० | १०९५९०००।०० | १०९५९०००।०० | | नेपाल सरकारको जम्मा व्यय | १०९५९००० |
| दूतावास पूजिगत | ११५८१४१४।३४ | ६७४२१९३२।० | ७९००३३४६।३ | २ | श्री सरस्वती उ.मा.वि.टिकापूर र सू.प.क्षे.प्रहरी उ.मा.वि. भवन निर्माण कन्टेन्जेन्सी खर्च सहित | ७९००३३४६।३ |
| उर्जा कार्यक्रम | १९१३८।५३ | ० | १९१३८।५३ | ३ | जि.स.स.को निर्णय अनुसार | १९१३८।५३ |
| ापत | १०३५५४०१।१४ | ३४८०१६८।०० | १३८३५५६९।१४ | ४ | प्रदेश सभाको अनुमतिमा जि.स.स.को निर्णय अनुसार | १३८३५५६९।१४ |
| र्डि नेपाल | ४००६९१।० | ० | ४००६९१।० | ५ | जि.स.स.को निर्णय अनुसार | ४००६९१।० |
| नवारण कोष | २७५००० | ० | २७५०००।० | ६ | जि.स.स.को निर्णय अनुसार | २७५०००।० |
| कल्याण कोष | ८२०३२३।६३ | ० | ८२०३२३।६ | ७ | जि.स.स.कोनिर्णय अनुसार अवकाश प्राप्त कर्मचारीलाई | ८२०३२३।६ |
| कल्याण कोष अक्षय कोष | ३९११११ | ० | ३९११११।० | ८ | सेवासुविधा | ३९११११।० |
| म्भार कोष | ६९२०८८।४४ | ० | ६९२०८८।४ | ९ | नेपाल सरकारको निर्णय अनुसार | ६९२०८८।४ |
| विकास घुम्ती कोष | ४००००० | ० | ४०००००।० | १० | नेपाल सरकारको निर्णय अनुसार | ४०००००।० |
| यवस्थापन कोष | ६७५००० | ० | ६७५०००।० | ११ | नेपाल सरकारको निर्णय अनुसार | ६७५०००।० |
| शोधन विकास कोष | १९५७६०४।६५ | ० | १९५७६०४।६५ | १२ | नेपाल सरकारको निर्णय अनुसार | १९५७६०४।६५ |
| विकास कोष | २७०००० | ० | २७००००।० | १३ | नेपाल सरकारको निर्णय अनुसार | २७००००।० |
| नवारण तथा सामाजिक परिचालन कोष | ५२५००० | ० | ५२५०००।० | १४ | नेपाल सरकारको निर्णय अनुसार | ५२५०००।० |
| तथा वाल विकास कोष | ४२५००० | ० | ४२५०००।० | १५ | नेपाल सरकारको निर्णय अनुसार | ४२५०००।० |
| खाता | ८८६०४९८।६३ | ० | ८८६०४९८।६३ | १६ | जि.स.स.को निर्णय अनुसार सम्बन्धित पक्षलाई फिर्ता | ८८६०४९८।६३ |
| ्रम विकास कोष | २४५१२७४७ | ० | २४५१२७४७ | १७ | नेपाल सरकारको निर्णय अनुसार | २४५१२७४७ |
| क आय आम्दानी | १७७९५५३२९ | ० | १७७९५५३२९।२२ | १८ | नेपाल सरकारको निर्णय अनुसार | १७७९५५३२९।२ |
| समायोजन खाता | १०६७३७४६ | ० | १०६७३७४६ | १९ | नेपाल सरकारको निर्णय अनुसार | १०६७३७४६ |
| बांडफांडबाट प्राप्त आय | ६१२८०१८८।५४ | ० | ६१२८०१८८।५४ | २० | नेपाल सरकारको निर्णय अनुसार | ६१२८०१८८।५४ |
| म्मा | २७७२३५६५४।०५ | ८१८६११००।०० | ३५९०९६७५४।०५ | | | ३५९०९६७५४।०५ |

**प्रस्ताव नं. २.५ :** जिल्ला समन्वय समितिको आन्तरिक आय व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. २.५ :-** तत्कालिन जिल्ला विकास समितिको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेका घर, पसल, टहराबाट जि.स.स. लाई प्राप्त हुने आन्तरिक आयको सन्दर्भमा (अन्तर वित्तिय हस्तान्तरण ऐन, २०७४ मा समेत समावेश नभएको र भाडामा दिएका घर भवन, पसलहरुको नियमित मर्मत सम्भार र धारा, विद्युतको शुल्क बुझाउन जि.स.स. मा रकम नभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा दिइएको काम कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्ने साथै सोही ऐनको दफा ९३ (२) मा जि.स.स. को अन्य श्रोत मानी गरेको व्यवस्थालाई आधार मानी विगतमा जि.स.स. को मौज्दातमा रहेका घर भाडाको रकम रु. १,०३,५५,४०१।१४ र चालु आ.व. मा प्रक्षेपण गरिएका रकम रु. ३४८०१६८।०० गरी जम्मा रु. १३८३५५६९।१४ लाई अन्य आयका रुपमा जि.स.स. कोषमा दाखिला गरी खर्च गर्नका निम्ती अनुमती माग गर्न प्रदेश सरकार र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउन निर्णय गरियो ।

**प्रस्ताव नं. २.६ :** जिल्ला समन्वय समितिको वार्षिक बजेट रकमान्तर सम्बन्धी अधिकार प्रत्यायोजन सम्बन्धमा ।

**निर्णय नं. २.६ :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ९३ बमोजिम जिल्ला समन्वय समितिलाई नेपाल सरकारबाट चालु आ.व. २०७५/०७६ का निम्ति शिर्षकगत विनियोजन सहित प्राप्त वजेटलाई कुनै एक शिर्षकमा रकम बचत हुन गई सोही बजेटको स्वीकृत शिर्षक अन्तरगत अर्को शिर्षकमा रकम अपुग भएमा २५% सम्म रकमान्तर गरी खर्च गर्न जि.स.स लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.७ :** जिल्ला पर्यटन विकास समिति गठन तथा परिचालन निर्देशिका, २०७५ पारित सम्बन्धमा ।

**निर्णय नं. २.७ :** प्राकृतिक सौन्दर्यताको अतिरिक्त परम्परागत भाषा, संस्कार, भेषभुषा, चाडपर्व र ग्रामीण पर्यटनको सम्भावना बोकेको कैलाली जिल्लामा रहेका पर्यटकीय पूर्वाधारहरुको संरक्षण गर्ने र पर्यटन प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनमा बृद्धि गर्न, एकिकृत ढंगबाट पर्यटनसंग सम्बन्धीत क्रियाकलाप सञ्चालन गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ का उपदफा (४) मा भएको प्रावधान बमोजिम **जिल्ला पर्यटन विकास समिति गठन तथा परिचालन निर्देशिका, २०७५** पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.८ :** चुरे गाउँपालिका तथा मोहन्याल गाउँपालिकामा एकिकृत बस्ती विकास कार्यक्रम लागु गर्ने सम्बन्धमा ।

**निर्णय नं. २.८ :** यस जिल्लाको पहाडी र विकट गाउँपालिकाहरु क्रमशः चुरे गाउँपालिका र मोहन्याल गाउँपालिकामा छरिएर रहेका वस्तीहरुलाई एकिकृत गरी आधुनिक वस्ती विकास गर्न एकिकृत वस्ती विकास कार्यक्रम लागु गर्न प्रदेश र नेपाल सरकार लाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.९ :** दुर्लभ जलचर डल्फिन संरक्षण र प्रजनन्का लागि संघिय र प्रदेश सरकारलाई अनुरोध गर्ने सम्बन्धमा ।

**निर्णय नं. २.९ :** विश्वमा दुर्लभ जलचर मानिएका डल्फिन नेपालका नदीहरु मध्ये कर्णाली नदीमा मात्र रहेको र यसको प्रजनन् दर बृद्धि गर्दै डल्फिनको प्रचार प्रसारबाट कैलाली जिल्ला भित्र पर्यटकीय क्रियाकलाप बृद्धि गर्ने उद्देश्यबाट डल्फिन संरक्षण तथा प्रजनन् कार्यक्रम सञ्चालन गर्न प्रदेश तथा नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.१० :** स्थानीय तहको क्षमता विकासका लागि प्रदेश स्तरीय स्थानीय तह अध्ययन केन्द्र स्थापना सम्बन्धमा ।

**निर्णय नं. २.१० :** कैलाली जिल्ला भित्र रहेका स्थानीय तहका क्षमता विकास गर्न सफल अभ्यासहरुको अनुभव आदन प्रदान गर्नका लागि स्थानीय तह सम्बन्धी ७ नं. प्रदेश तहको अध्ययन केन्द्र आवश्यकता रहेकोले जि.स.स.को समन्वयमा ७ नं. प्रदेश स्तरीय स्थानीय तह अध्ययन केन्द्र धनगढीमा स्थापना गर्न प्रदेश र नेपाल सरकारका साथै दातृ निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.११ :** जिल्ला स्तरीय प्राविधिक प्रयोगशाला स्थापना/सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. २.११ :** जिल्ला भित्र स्थानीय तहहरुले कार्यान्वयन गर्न पूर्वाधार विकास सम्बन्धी क्रियाकलापका प्राविधिक परिक्षण गर्न साविकमा जिल्ला विकास समितिले निर्माण गरेका प्राविधिक प्रयोगशालालाई जि.स.स. को समन्वयमा सबै स्थानीय तहको साझा प्रयोगशालाको रुपमा उपयुक्त कार्यविधि तर्जुमा गरी सोही बमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.१२ :** जिल्ला समन्वय समितिका प्रमुखको सचिवालय व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. २.१२ :** जिल्ला समन्वय समितिका प्रमुखको दैनिक कार्य व्यस्तता र भेटघाटको समय व्यवस्थापनको निम्ती १ सचिबालय र सो सचिवालयमा खटी जाने १ सहायक स्तरको कर्मचारी आवश्यकता रहेको र जि.स.सं.को विद्यमान संगठनात्मक संरचना सानो र कर्मचारीको दरवन्दी समेत कटौती भएकोले जि.स.स को अन्य आय श्रोतबाट बेहोर्ने गरी रा.प.अनं प्रथम स्तरको शुरु तलव स्केलका आधारमा दैनिक ज्यालादारीमा १ जना निजि सहायकको व्यवस्था गर्ने र प्रमुखको निजी सचिवालय खडा गरी कार्यसम्पादन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.१३ :** श्री जिल्ला अदालत कैलालीको आदेश कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. २.१३ :** जिल्ला समन्वय समिति कैलाली (ततकालिन जि.वि.स.) बाट आ.व. २०७२/०७३ का लागि कृषि तथा पशुजन्य निकासी कर संकलनको पट्टापुर्जी उठाएको ठेकेदार कम्पनी श्री शाही

कन्स्ट्रक्सन सर्भिसेस कम्पनी प्रा.लि. वलिया १, कैलालीले टीकापुर घटनामा प्रहरी वरिष्ठ उपरिक्षकको हत्या भए पश्चात यस कैलाली जिल्लामा लागेको लामो समय सम्मको कर्फ्यु र भारतबाट भएको अघोषित नाकाबन्दीका कारण एवं पट्टापुर्जीमा रहेका विभिन्न ४ वटा मालवस्तु (खली, पिना, भुष र अड्करा) मा श्री पुनरावेदन अदालत दिपायलको आदेशबाट कर संकलन गर्न नसकेकोले सो अवधी वरावरको क्षेतीपूर्ती पाऊ भनि श्री जिल्ला अदालत कैलालीमा मुद्दा दायर भएकोमा श्री जिल्ला अदालत कैलालीबाट मिति २०७४/०४/२६ गते मुद्दा नं. ०७३-CP-००२१ को निर्णय नं. ३३२ बाट स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७१ को उपनियम (५) मा आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भनि सम्बन्धित स्थानीय निकायको परिषदले सो बमोजिम असुल गर्नुपर्ने रकम मध्ये सम्बन्धित राजस्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिन्हा दिन सक्ने छ भन्ने कानुनी व्यवस्था बमोजिम बन्द हड्तालबाट के कति दिन क्षेती भएको हो स्थानीय निकायका परिषदबाट आवश्यक छानविन गरी बन्द भएका दिनको वादीले तिर्नुपर्ने कर रकम यकिन गरी सो रकम निज ठेकेदारले मिन्हा पाउने ठहर्दछ भन्ने निर्णय भएको सोही आधारमा श्री जिल्ला अदालतको मिति २०७४/१०/२५ को च.नं. २०५९ को पत्रबाट निज ठेकेदारले फैसलामा उल्लेख भए बमोजिमको मिन्हा हुने रकम एकिन गरी पठाउन जि.स.स. कैलालीलाई अनुरोध गरी पठाएको पत्रानुसार पुन: जिल्ला अदालत कैलालीबाट मिति २०७४/११/१३ को च.नं. २२५३ को पत्रबाट जि.स.स. कैलालीको च.नं. १००९ मिति २०७४/११/०८ को पत्रमा हाल राजस्व परामर्श समिति र जिल्ला परिषदको व्यवस्था नरहेकोले फैसलामा उल्लेख भए अनुसार रकम एकिन गर्न सम्बन्धित ठेकेदारले पेश गरेको कागजातको आधारमा रु. ७२,८२,०३७।७५ रकम मिन्हा हुने देखिन्छ भनी पत्र प्राप्त भएको र साथै उक्त पत्र अनुसार हड्ताल अवधिको रकम फैसला बमोजिम छुट मिन्हा दिने सम्बन्धमा तत्काल राजस्व परामर्श समिति र जिल्ला परिषदको व्यवस्था नरहने भएको अवस्था भए स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२१ (१) र (२) बमोजिम स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम भए गरेको काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ भन्ने कानुनी व्यवस्था भएकोमा उक्त निवेदक ठेकेदारको पत्रमा भएको फैसाला कार्यान्वयन हुन अदालतबाट अनुरोध भै आएको । तत्कालिन जिल्ला विकास समितिबाट भएको कामकारवाहीका सन्दर्भमा जिल्ला अदालतको फैसला जिल्ला समन्वय समितिबाट कार्यान्वयन गर्न मिल्ने या नमिल्ने भनी द्वविधा भएको सम्बन्धमा स्पष्ट निर्देशनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा मिति २०७५/०१/०७ को च.नं. १३८६ को पत्रबाट माग भएकोमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५/०४/२४, च.नं. ४४ को पत्रबाट अदालतबाट रकम मिन्हाको विषयमा ठेकेदारको पक्षमा भएको फैसला कार्यान्वयनका सन्दर्भमा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १७१ को उपनियम (५) बमोजिमको कार्यको लागि जिल्ला परिषद विद्यमान नरहेकोले अदालतको निर्णय कार्यान्वयनका सन्दर्भमा सोही नियम बमोजिमको कार्य जिल्ला सभाबाट कार्यान्वयन गर्न बाधा नपर्ने भनी नेपाल सरकार (सचिवस्तर) को मिति २०७५/०४/२४ को निर्णय अनुसार निर्देशन प्राप्त भएकोले यस सभामा निर्णयका निम्ती पेश हुँदा जिल्ला अदालतको फैसलाबाट जि.स.स. लाई दायित्व सृजना भएकोले सो फैसलाको विरुद्धमा तोकिएको

म्याद भित्र के कति कारणबाट पुनरावेदन नगएको हो ? सो समेत हेरी मिन्हा दिनुपर्ने रकम एकिन गरी आगामी बैठकमा कानुनी राय समेत लिई पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

- संयोजक - सूर्य बहादुर थापा, प्रमुख, जि.स.स.
- सदस्य - नृप बहादुर वड, प्रमुख, ध.उ.म.न.पा.
- सदस्य - महादेव बजगाई, प्रमुख, लम्की चुहा न.पा.

**प्रस्ताव नं. २.१४ :** छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. २.१४ :** जिल्ला भित्र विकाराल समस्याको रुपमा देखा परेका छाडा चौपायाको एकिकृत ढंगबाट व्यवस्थापन गर्ने कार्यविधि तर्जुमा गरी सयुक्त गौशाला निर्माण तथा सामुदायिक वन संग समन्वय गरी समस्या समाधान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.१५ :** सामुदायिक वन व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. २.१५ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४(ख) बमोजिम वन जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जलउपयोग, बातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धमा नगरपालिका र गाउँपालिकालाई प्राप्त काम कर्तव्य र अधिकारलाई प्रतिकुल असर नपर्ने गरी कानुन तर्जुमा गर्ने र सामुदायिक वनको व्यवस्थापनमा स्थानीय तहहरु संग देखा परेका असमझदाजीलाई तत्काल समाधान गरी स्थानीय तहहरुको प्रत्यक्ष संलग्नतामा समुदायिक वन व्यवस्थापन गर्ने कानुनी आधार तयार गर्न प्रदेश र संघ सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.१६ :** विविध ।

**निर्णय नं. २.१६ :** देहाय बमोजिमको जिल्ला स्तरीय रणनितिक महत्वका योजना तथा कार्यक्रम कार्यान्वयन हुन प्रदेश र नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

- सेती अञ्चल अस्पताल र टीकापुर अस्पताललाई सुविधा सम्पन्न रुपमा विकास गर्ने ।
- टीकापुर देखि कर्णाली सेती दोभान सम्म जलयात्राको सुरुवात गर्ने ।
- कर्णाली-चिसापानी देखि महेन्द्रनगर-गड्डाचौकी सम्मको राजमार्ग ६ लेनको बनाउने ।
- टिकापुरमा क्वारेन्टाईन चेकपोष्ट स्थापना गर्ने ।
- टिकापुरमा रहेका पोलिटेक्नीकल ईन्स्टीच्युटलाई प्रदेश स्तरको सेवा प्रदान गर्न स्तरोन्नी गर्ने ।
- टीकापुर नगरपालिका क्षेत्र भित्र शसस्त्र प्रहरी तालिम केन्द्र स्थापना गर्ने ।
- टीकापुरमा रहेको २२ विगहा खेल मैदानलाई एकेडेमिक रंगशाला मार्ग गर्ने ।
- गौरीफान्टा नाका धनगढीलाई स्तरोन्नती गर्ने ।
- फापला क्रिकेट मैदान धनगढीको स्तरोन्नती गर्ने ।
- खुटिया स्याउले (धनगढी) - डोटी सडक निर्माण गर्ने ।
- पर्यटन बोर्डको कार्यालय कैलाली जिल्लामा स्थापना गर्ने ।

- खुटिया नहरलाई सञ्चालन र स्तरोन्न्ती गर्ने ।
- यातायात कार्यालयको सेवा केन्द्र ईलाका प्रशासन कार्यालयसंगै स्थापना गर्ने ।
- प्रदेश स्तरका विषयगत डिभिजन कार्यालयहरु कैलालीमा नै स्थापना गर्न माग गर्ने ।
- भजनी नगरपालिका सिमावर्ती क्षेत्रमा मानव तस्करी नियन्त्रण गर्न परामर्श सेवा केन्द्र स्थापना गर्ने ।
- लठुवा-सुखड सडक योजनाको स्तरोन्नती गर्ने ।
- नेपाल भारतमा पर्ने मोहना नदीको गुलरीया घाटमा पक्की पुल निर्माण गर्ने ।
- भजनी न.पा. ३ कुसुमघाटमा छोटी भन्सार कार्यालय स्थापना गर्ने ।

प्रस्ताव नं. २.१७ : दोस्रो बैठक सम्बन्धमा ।

निर्णय नं. २.१७ : दोस्रो जिल्ला सभाको दोस्रो बैठक मिति २०७५/०५/०६गते विहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगन गर्ने निर्णय गरियो ।

आज मिति २०७५ साल श्रावण २५ गतेको दिन जिल्ला समन्वय समितिका प्रमुख श्री सूर्य बहादुर थापा ज्यूको अध्यक्षतामा दोस्रो जिल्ला सभाको बैठक बसी देहाय बमोजिमको प्रस्ताव माथि छलफल भई देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | पद | नाम, थर | निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री सूर्य बहादुर थापा | जिल्ला समन्वय समिति | |
| २ | उप प्रमुख | श्री सून्दरी देवी चौधरी | जिल्ला समन्वय समिति | |
| ३ | प्रमुख | श्री नृप बहादुर वड | धनगढी उपमहानगरपालिका | |
| ४ | प्रमुख | श्री तपेन्द्र बहादुर रावल | टीकापुर नगरपालिका | |
| ५ | प्रमुख | श्री हरि सिंह साउद | गोदावरी नगरपालिका | |
| ६ | प्रमुख | श्री महादेव बजगाई | लम्की चुहा नगरपालिका | |
| ७ | प्रमुख | श्री भिम बहादुर देउवा | गौरीगंगा नगरपालिका | |
| ८ | प्रमुख | श्री ममता प्रसाद चौधरी | घोडाघोडी नगरपालिका | |
| ९ | प्रमुख | श्री शेर बहादुर चौधरी | भजनी नगरपालिका | |
| १० | उप प्रमुख | श्री शुशिला मिश्र भट्ट | धनगढी उपमहानगरपालिका | |
| ११ | उप प्रमुख | श्री केशरी कुमारी रावल विष्ट | टीकापुर नगरपालिका | |
| १२ | उप प्रमुख | श्री रतना कडायत | गोदावरी नगरपालिका | |
| १३ | उप प्रमुख | श्री टीका थापा | लम्की चुहा नगरपालिका | |
| १४ | उप प्रमुख | श्री अञ्चला चौधरी | गौरीगंगा नगरपालिका | |
| १५ | उप प्रमुख | श्री प्रेम कुमारी थापा | घोडाघोडी नगरपालिका | |
| १६ | उप प्रमुख | श्री छाया देवी देवकोटा | भजनी नगरपालिका | |
| १७ | अध्यक्ष | श्री प्रदिप कुमार चौधरी | जानकी गाउपालिका | |
| १८ | अध्यक्ष | श्री रामकृष्ण चौधरी | जोशीपुर गाउपालिका | |
| १९ | अध्यक्ष | श्री वलिराम डगौरा थारु | बर्दगोरिया गाउपालिका | |
| २० | अध्यक्ष | श्री नवल सिंह रावल | मोहन्याल गाउपालिका | |
| २१ | अध्यक्ष | श्री लाजुराम चौधरी | कैलारी गाउपालिका | |
| २२ | अध्यक्ष | श्री धन बहादुर रोकामगर | चुरे गाउपालिका | |
| २३ | उपाध्यक्ष | श्री उमा महतौं | जानकी गाउपालिका | |